**कनकाई नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

प.सः-२०७८\०७९
च.नः-९८

मितिः- २०७८\०२\२६

विपयः- **पाठ्यपुस्तक लेखनका लागि प्रस्तावना पेस गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विपयमा विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १-८) मा लागू वर्तमान पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम अनुसार पठनपाठन हुनु पर्ने प्रावधान रहेको सन्दर्भमा कनकाई नगरपालिकाले **कनकाई ज्ञानएमाला** नामक पाठ्यक्रम विकास गरी छपाइ कार्य समेत सम्पन्न भइसकेको छ ।

सो पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक लेखन गर्नु पर्ने भएको हुँदा इच्छुक स्थानीय तथा अनुभवी लेखक महानुभावहरूले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्रमा यस नगरपालिकाको शिक्षा शाखामा दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः यस पटक कक्षा १,२,३ र ४ का लागि पाठ्यपुस्तक लेखनको कार्य हुने हुँदा दरखास्तमा आफूले तयार गर्न चाहेको पाठ्यपुस्तक कति कक्षाको लागि हो सो समेत खुलाई दरखास्त दिन हुन समेत सूचित गरिन्छ ।

पिताम्बर गौतम
प्रमुख (उप-सचिव)
शिक्षा, युवा तथा खेलकूद शाखा